# नेपाल राजपत्र

## भाग ५

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत्र ६ गते २०२९ साल

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

नेपालगञ्ज र धरानमा औद्योगिक क्षेत्रहरु स्थापना गर्ने सम्बन्धमा श्री ५ को सरकार नेपाल र भारत बीच मई १०, १९७२ (तदनुसार बैशाख २८, २०२९) मा भएको संझौताको प्रामाणिक प्रति अंग्रेजी भाषामा भएकोले सोको अंग्रेजी भाषाको प्रति र उक्त संझौताको प्रामाणिक प्रति नेपाली भाषामा नभएकोले सोको अनुवाद समेत सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**Agreement between His Majesty's Government of Nepal and the Government of India for setting up Industrial Estates at Nepalganj and Dharan.**

His Majesty's Government of Nepal (hereinafter referred to as HMG) and the Government of India (hereinafter referred to as GOI),

Being desirous of cooperating with each other in promoting industrial development, have agreed as follows:

623



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## Article I

The GOI agree to make available funds to the extent of Rs. 40.91 lakhs (Rupees forty lakhs ninety one thousand only) in Indian currency for setting up of industrial estates at Nepalganj and Dharan, generally in accordance with the appended scheme hereinafter called 'the Project'. This aid will be utilised before 31st March, 1974.

## Article II

The Project, except the building/ construction works, will be executed by the Department of Industries, HMG. The Chief Engineer, ICM Highway Projects, who will execute the building/construction works will submit quarterly expenditure statements to the Department of Industries, HMG. He will also render accounts to the Accountant General in India for the money spent from Indian aid funds.

## Article III

Whereas, generally, the Project would be executed in accordance with the scheme appended herewith and implemented as indicated in Article II above, any modification and/ or addition within the spirit of the Agreement may be made as mutually agreed upon between HMG and the Indian Cooperation Mission (hereinafter called 'ICM').

## Article IV

The Director, ICM, and/or his nominees would act as Advisers to the Department of Industries, HMG in the execution of the Project. The Director and/or his nominees will be consulted in the formulation of detail plans and periodical progress reports would be made available to them in respect of the Project executed under this Agreement.

## Article V

The Member (Finance & Accounts) of the ICM will have access to all matters connected with the finance and accounts relating to the Project. He will also advise HMG in the preparation of annual budget, inspection of local accounts and release of funds for the implementation of the Project.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## Article VI

HMG will provide the necessary land for the execution of the Project, free from all encumbrances, and supply timber, sand, stone, limestone and other rawmaterials which may be required, free of royalty and other levies. The payment of compensation, if any, and the settlement of claims or disputes arising from the above will be the responsibility of HMG.

## Article VII

HMG will make provision of foreign exchange, if necessary, against the allotments made in Indian currency by GOI.

## Article VIII

HMG will ensure that the goods, materials, equipment, machinery and transport, etc., which are brought into Nepal or are moved from one place to another within Nepal for the execution of the Project either by the Project authorities or by the contractors employed on the Project, are afforded expeditions transit from India to Nepal or within the territory of Nepal, and are exempt form licensing requirements and from payment of all customs duties, taxes, cesses and levies of any kind. HMG will also ensure that the goods, materials, equipment, machinery and transport, etc. brought into Nepal from India as above, will be allowed to be taken back to India when no longer required for the execution of the Project. Exemptions from licensing requirements and from payment of all customs duties, taxes, cesses and levies of any kind shall also extend to the transport and goods for personal use of India—based personnel working for the Project. The principles and procedures regarding the facilities to be extended to the India contractors and exemption from import and export duties and other local levies of all suplies, materials, equipment and vehicles, etc. imported for contract work, as worked out between the Director, ICM, and HMG the Trisuli Hydel Project will apply, **mutatis mutandis,** to the Project. This will include exemption from income tax and other taxes except, contract tax.

The contract tax payable by Indian contractors will be collected by the Project authorities but credited to Project funds under advice to HMG.

## Article IX

The Project authorities, or their contractors shall be allowed to import from Indian skilled and semiskilled labour to the extent not available in Nepal. HMG will make arrangements to ensure that the requirements of unskilled labour for the Project are fully met.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

HMG will extend all possible help and cooperation to the Project authorities in the maintenance of peaceful labour relations and the safeguarding of the personnel and property of the Project.

### Article X

Contractors of the Project from outside Nepal will be free to import any amount of currency that may be deemed necessary, but will convert it into Nepalese currency at legally recognised exchange counters for transactions inside Nepal for the execution of their work. They will be allowed to repatriate their currency holdings which will be converted into Indian currency by the Nepal Rastra Bank.

### Article XI

HMG will ensure expedition grant of licences, permits and similar other authorizations necessary to enable the Project authorities or their contractors to execute the work relating to the Project.

### Article XII

HMG will make necessary security arrangements for the protection of the personnel as well as the materials, equipment, etc., at all the various sites of consturction and operations, including in transit where necessary.

### Article XIII

The GOI shall depute adequate number of personnel e.g. Technical Advisers, Engineers and other technicians for advising and assisting the Department of Industries, HMG, in the execution of the Project.

### Article XIV

The funds provided by GOI under this Agreement will be utilised for:

(i) Purchase of stores, equipment, machinery and vehicles required in connection with the execution of the Project;

(ii) meeting the expenditure on salaries, allowances, travelling allowances etc., to the staff employed for the execution of the Project;

(iii) meeting the cost of personnel obtained from India to advise and assist in the execution of the Project;

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(iv) meeting the expenditure on building/ construction works as provided in the Project; and

(v) meeting the cost, if any, of training the local staff in India.

### Article XV

The expenditure for any purchases made through GOI and the expenditure under items (iii), (iv) and (v) of Article XIV above will be incurred directly by the ICM and the amount debited to the aid under this Agreement.

### Article XVI

The Indian aid available in cash will be by way of advanced, to be paid in the account maintained in the Nepal Rastra Bank in the name of "Scheme for the Industrial Estates, Dharan and Nepalganj, Indian Assistance to HMG." The advances will be made on a quarterly basis and accounts of the first quarter will be submitted before request for the third quarter advance is made. Likewise accounts will continue to be submitited. The Accountants of ICM will assist in the collection of accounts, checking them and recasting them in proper form before rendition to the Auditor Gnereral of Nepal for scrutiny and certification.

HMG will arrange annual audit of expenditure by the Auditor General of Nepal so as to complete full cycle of audit at least once every year. Such audit reports will be forwarded to the Director, ICM, within the next financial year.

### Article XVII

On the completion/ termination of this Agreement, all unspent balances of cash advanced by the GOI, after meeting their liabilities, shall be refunded to the GOI.

### Article XVIII

The contributions of HMG for the Project will be deposited quarterly into the account to be opened in the Nepal Rastra Bank as stipulated in Article XVI.

### Article XIX

In the event of any legal action arising from activities undertaken in pursuance of this Project, HMG will assume full responsibility for the defence of such actions in Nepal and will take responsibility for the continued

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

execution of the Project and will ensure immunity from garnishment or any other legal process of title to all contributions made for or property and benefits derived from the execution of the project.

### Article XX

Any expenditure incurred by the GOI before the signing of this Agreement in pursuance of the implementation of the Project shall be debited to the overall aid under this Agreement.

### Article XXI

Arrangements will be made to reflect Indian assistance under this Agreement in HMG's budget.

### Article XXII

This Agreement shall come into force with effect from the date on which it is signed and will remain in force until the March 31, 1974 unless terminated earlier by either party or extended by mutual agreement, as necessary.

IN WITNESS WHEREOF, the undersinged, being duly authorized by their respective Governments, have signed the Agreement.

Done at Kathmandu in the English language in four copies on this tenth Day of May Nineteen Hundred Seventytwo.

For His Majesty's Government
Of Nepal
(B.B. Pradhan)
Secretary
Ministry of Finance.

For the Government
Of India
(Rajeshwar Prasad)
Director
Indian Cooperation Mission
Kathmandu (Nepal).

625

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार, नेपाल र भारत सरकारका बीच नेपालगञ्ज र धरानमा औद्योगिक क्षेत्रहरू स्थापनाका लागि भएको सम्झौता

श्री ५ को सरकार, नेपाल (यसपछि एच्. एम्. जी. भनिएको) र भारत सरकार (यसपछि जी. ओ. आई. भनिएको),

औद्योगिक विकासको प्रवर्द्धनमा परस्पर सहयोग गर्न इच्छुक भएर, देहायबमोजिम मंजूर गर्दछन् :–

धारा–१

जी. ओ.आई. ले साधारणतया यसपछि परियोजना भनिएको संलग्न योजना अनुसार नेपालगञ्ज र धरानमा औद्योगिक क्षेत्रहरूको स्थापनाका लागि भारतीय मुद्रामा रू. ४०.९१ लाख (चालीस लाख एकान्नब्बे हजार रूपैयाँमात्र) सम्मको कोष उपलब्ध गर्न मंजूर गर्दछ । यो सहायता ३१ मार्च १९७४ भन्दा अगावै उपभोग गरिनेछ ।

धारा–२

भवन । निर्माण कार्यहरू बाहेक सो परियोजना श्री ५ को सरकार, उद्योग विभाग-द्वारा पूरा गरिनेछ । आई.सी.एम. राजमार्ग परियोजनाको मुख्य इन्जिनीयर, जसले भवन निर्माण कार्यहरू पूरा गर्नेछ; श्री ५ को सरकार ,उद्योग विभागलाई त्रैमासिक खर्चको विवरण पेश गर्नेछ। निजले भारतीय सहायता कोषबाट खर्च भएको रूपयाँको हिसाब भारतमा महालेखापाललाई दिनेछ ।

धारा–३

जबकि साधारणतया यसै साथ संलग्न योजना अनुसार परियोजना पूरा हुनेछ र माथि धारा २ मा निर्दिष्ट भएबमोजिम कार्यान्वित गरिनेछ । सम्झौताको भावना अनुकूल कुनै संशोधन र।वा थप एच्. एम्. जी. र भारतीय सहयोग नियोग (यसपछि आई. सी. एम. भनिएको) को पारस्परिक मंजूरीमा गरिनेछ ।

धारा–४

परियोजनाको कार्यान्वयनमा आई. सी. एम. को निर्देशक र। वा निजद्वारा मनोनीत व्यक्तिहरू एच.एम्. जी.को उद्योग विभागको सल्लाहहरूको रूपमा काम गर्नेछन् । विस्तृत योजना-हरूको तयारीमा निर्देशक र।वा निजद्वारा मनोनीत व्यक्तिहरूको परामर्श लिइनेछ र यस सम्झौता अन्तर्गत कार्यान्वयन गरिएको परियोजनाको सम्बन्धमा निजहरूलाई आवधिक प्रगति प्रतिवेदनहरू उपलब्ध गराइनेछ ।

628

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धारा–५

परियोजना सम्बन्धित अर्थ र लेखा सम्बन्धित सबै कुराहरूमा आई.सी.एम. को सदस्य (अर्थ र लेखा) ले जानकारी गर्न पाउनेछ । निजले परियोजना पूरा गर्नका लागि वार्षिक बजेट तयार पार्न, स्थानीय लेखाको निरीक्षण गर्न र कोष फुकुवा गर्ने सम्बन्धमा पनि एच्.एम्.जी. लाई सल्लाह दिनेछ ।

धारा–६

एज्. एम्. जी. ले परियोजनाको निमित्त सबै प्रकारको रूकावट रहितको आवश्यक जग्गाको व्यवस्था गर्नुका साथै आवश्यक पर्न सक्ने काठ, बालुवा, ढुंगा, चून ढुंगा र कच्चा पदार्थहरू अधिकार शुल्क र दस्तूरहरू रहित पूर्ति गर्नेछ, कुनै क्षतिपूर्ति दिनु पर्ने भए सो दिने र उपरोक्त कारणबाट उत्पन्न कुनै दावी र विवादहरूको र निरोपण गर्ने उत्तरदायित्व एच्.एम्.जी. को हुनेछ ।

धारा–७

एच्. एम्. जी. ले आवश्यक भएमा जी.ओ.आई. द्वारा भारतीय मुद्रामा छुट्याइएको रकमको विदेशी विनिमयको व्यवस्था गर्नेछ ।

धारा–८

परियोजना पूरा गर्नका लागि परियोजना अधिकारीहरूले वा परियोजनाको काममा लगाइएको ठेक्दारहरूद्वारा नेपालमा ल्याएका वा नेपालभित्र एक ठाउँबाट अर्को ठाउँमा चलाइएका मालसामानहरू, सामग्रीहरू, उपकरण, मेशीनरी र सवारी इत्यादिलाई भारतबाट नेपालमा ल्याउँदा वा नेपालको क्षेत्रभित्र छिटो पारवहन प्रदान गरिएको छ र सो लाइसेन्स सम्बन्धी आवश्यकताहरूबाट, भन्सार महसूल, कर, चूंगी र कुनै किसिमको दस्तूरहरूबाट मुक्त छन् भन्ने एच्. एम्. जी. ले निश्चय गर्नेछ । एच्. एम्. जी. ले माथि उल्लेख गरिएबमोजिम भारतबाट नेपालमा ल्याएका मालसामानहरू, सामग्रीहरू, उपकरण, मेशीनरी र सवारी इत्यादि परियोजना पूरा गर्नका लागि अरू बढी आवश्यक पर्ने नभएमा भारतमा फिर्ता लैजान पनि दिइने निश्चय गर्नेछ लाइसेन्स सम्बन्धी आवश्यकताहरू, सबै किसिमका भन्सारमहसूलहरू, करहरू, चूंगीहरू तथा कुनै किसिमको दस्तूरहरूको भुक्तानीको छुट परियोजनाको निमित्त काम गरिरहेको भारत- आधारित कर्मचारी वर्गको निजी प्रयोगको सवारी र मालसामानहरूका सम्बन्धमा पनि दिइनेछ । भारतीय ठेक्दारहरूलाई दिइने सुविधाहरू ठेक्काको कामका लागि पैठारी गरिएका सबै किसिमका पूर्तिहरू, सामग्रीहरू, उपकरण र गाडीहरू इत्यादिको पैठारी र निकासी महसूलहरू र अरू स्थानीय दस्तूरहरूको छुट सम्बन्धमा आई.सी.एम. को निर्देशक र एच्.एम्.जी. का बीच त्रिशूली हाइडल प्रोजेक्टका लागि निर्धारित भएबमोजिमको सिद्धान्त र कार्यविधिहरू आवश्यक परिवर्तनका साथ लागू हुनेछ । ठेक्का कर बाहेक यसमा आयकर र अरू करहरूको छूट सम्मिलित हुनेछ ।

630

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भारतीय ठेक्दारहरूले तिर्नुपर्ने ठेक्का कर परियोजना पदाधिकारीहरुद्वारा असूल गरिनेछ तर एच्. एम्.जी. लाई दिइने सल्लाह अनुसार सो परियोजना कोषमा जम्मा गरिनेछ ।

धारा–९

परियोजना पदाधिकारीहरू वा निजहरूको ठेक्दारहरूलाई नेपालमा उपलब्ध नभएका कुशल र अर्धकुशल श्रम भारतबाट आयातगर्न दिइनेछ । परियोजनाका लागि अकुशल श्रमको आवश्यकताहरू पूर्ण रूपले पूरा भएको छ भन्ने कुरा एच्. एम्.जी. ले निश्चय गर्नेछ ।

एच्.एम्.जी. ले परियोजनाका अधिकारीहरूलाई शान्तिपूर्ण श्रम सम्बन्ध कायम गर्न र परियोजनाको कर्मचारी वर्ग र सम्पति सूरक्षित गर्न सबै संभव मद्दत र सहयोग दिनेछ ।

धारा–१०

परियोजनाको नेपाल बाहिरका ठेक्दारहरूले आवश्यक पर्ने जतिसुकै मुद्राको रकम आयात गर्न पाउनेछन् तर सो रकम निजहरूले आफ्नो काम चलाउनको निमित्त नेपालभित्र कारोवारहरूका लागि कानूनी रूपले मान्यता प्राप्त विनिमय स्थलमा नेपाली मुद्रामा सटही गर्नेछन् । निजहरूलाई निजहरूको मुद्रा स्वदेश फिर्ता लैजान दिइनेछ । जुन नेपाल राष्ट्र बैंकले भारतीय मुद्रामा सटही गरी दिइनेछ ।

धारा–११

एच्.एम्.जी. ले परियोजना सम्बन्धी कामहरू पूरा गर्नका लागि परियोजना अधिकारीहरूलाई वा निजहरूको ठेक्दारहरूलाई समर्थ तुल्याउने लाइसेन्सहरू, अनुमतिहरू र यस्तै अन्य अधिकारहरू शिघ्रातिशिघ्र प्रदान भएको निश्चय गर्नेछ ।

धारा–१२

एच्.एम्.जी. ले पारवहनमा लगायत जहाँ-जहाँ आवश्यकता पर्छ निर्माणको सबै विभिन्न स्थलहरूमा र परिचालनमा कर्मचारी वर्गको साथसाथै सामग्रीहरू, उपकरणहरू इत्यादिको आवश्यक सूरक्षाको प्रवन्ध गरिदिनेछ ।

धारा–१३

जी. ओ. आई. ले परियोजना पूरा गर्नका लागि एच्. एम्. जी. को उद्योग विभागलाई सल्लाह र मद्दत गर्न प्राविधिक सल्लाहकारहरू, इन्जिनीयर्स र अरू प्राविधिज्ञहरू सम्मिलित रहेका कर्मचारीहरू पर्याप्त संख्यामा खटाउनेछ ।

639
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धारा–१४

यस सम्झौता अन्तर्गत जी.ओ.आई. द्वारा प्रदान गरिएको कोष देहायका काममा प्रयोग गरिनेछ :–

(१) परियोजना पूरा गर्ने सम्बन्धमा आवश्यक भएका भण्डारहरू, उपकरण, मेशीनरी र गाडीहरूको खरीद गर्नमा,

(२) परियोजना पूरा गर्ने काममा लगाइएका कर्मचारीहरूको तलब, भत्ता र भ्रमण भत्ताको खर्च पूर्ति गर्ने ,

(३) परियोजना पूरा गर्नमा सल्लाह र सहायता गर्ने भारतबाट प्राप्त कर्मचारी वर्गको खर्च पूर्ति गर्ने,

(४) परियोजनामा व्यवस्था भएको भवन निर्माण । कार्यहरूको खर्च पूर्ति गर्ने, र

(५) स्थानीय कर्मचारी वर्गको भारतमा प्रशिक्षणको कुनै खर्च भएमा सो पूर्ति गर्ने।

धारा–१५

जी.ओ.आई. मार्फत भएको कुनै खरीदको खर्च र माथि धारा १४ को (३), (४) र (५) विषयहरू अन्तर्गतको खर्च र यो सम्झौता अन्तर्गतको सहायतामा खर्च जनाइएको रकम आई. सी. एम. द्वारा प्रत्यक्ष रूपले व्यहोरिनेछ ।

धारा–१६

नगदमा उपलब्ध भारतीय सहायता "धरान र नेपालगञ्जमा औद्योगिक क्षेत्रहरूका लागि योजना, एच्.एम्.जी. लाई भारतीय सहायता" को नाममा नेपाल राष्ट्र बैंकमा खोलिएको खातामा पेश्कीका रूपमा दिइनेछ । सो पेश्की त्रैमासिक रूपमा दिइनेछ र प्रथम त्रैमासिकको हिसाब तृतीय त्रैमासिक पेश्कीको अनुरोधको अगावै पेश गरिनेछ । सोही रूपमा हिसाब पेश हुँदै जानेछ । लेखा जाँच र प्रमाणित हुनका लागि नेपालको महालेखा परीक्षक समक्ष पेश गर्नु अगावै आई.सी.एम. को लेखापालहरूले हिसाबहरू संकलन गर्ने, जाँच गर्ने र त्यसलाई समुचित रूपमा दोहरचाएर हेर्नमा सहायता गर्नेछन् ।

एच्.एम्.जी. ले प्रत्येक साल कम्तीमा एक पल्ट लेखा परीक्षणको पूर्ण चक्र पूरा हुने गरी नेपालको महालेखा परीक्षकद्वारा खर्चको वार्षिक लेखा परीक्षण हुने प्रबन्ध गर्नेछ । यस्तो लेखा परीक्षणको प्रतिवेदनहरू आगामी आर्थिक वर्षभित्र आई.सी.एम. को निर्देशककहाँ पठाइनेछ ।

धारा–१७

यो सम्झौता पूरा । अन्त हुँदा जी.ओ.आई. द्वारा पेश्की दिइएको खर्चनभएको सबै नगद सो रकमहरूको दायित्वहरू पूरा गरी जी.ओ.आई. लाई बुझाई दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धारा–१८

परियोजनाको लागि एच्.एम्.जी. को तर्फबाट लगाइएको रकम धारा १६ मा निर्दिष्ट भएबमोजिम नेपाल राष्ट्र बैंकमा खुल्ने खातामा त्रैमासिक रूपमा जम्मा गरिनेछ ।

धारा–१९

यस परियोजना अनुसार भएको कुनै काम कुराहरूबाट उत्पन्न हुने कुनै कानूनी कारवाईको अवस्थामा एच्.एम्.जी.ले नेपालमा यस्तो कार्यको प्रतिरक्षाको निमित्त पूरा उत्तरदायित्व लिनेछ र साथै परियोजनाको कार्य अटूट रूपमा जारी राख्ने उत्तरदायित्व लिनेछ र परियोजनाको निमित्त दिइएको सबै सहायताहरूको हक वा सम्पत्ति तथा परियोजनाको कार्यबाट उठाइएका लाभहरूका सम्बन्धमा परीक्षण आदेश (गार्निशमेण्ट) वा अरू कानूनी कारवाईको छुटकाराको निश्चय गर्नेछ ।

धारा–२०

परियोजनाको कार्यान्वयन अनुसार यस सम्झौतामा हस्ताक्षर हुनुभन्दा अगावै जी. ओ.आई.बाट व्यहोरिएको कुनै खर्च यस सम्झौता अन्तर्गत सम्पूर्ण सहायतामा खर्च जनाइनेछ ।

धारा–२१

यस सम्झौता अन्तर्गतको भारतीय सहायतालाई एच्.एम्.जी.को बजेटमा प्रतिविम्बित गर्ने व्यवस्था गरिनेछ ।

धारा–२२

यो सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ र आवश्यकतानुसार कुनै पक्षबाट अगावै अन्त नगरिएमा वा पारस्परिक सम्झौताद्वारा अवधि बढाइएमा बाहेक ३१ मार्च १९७४ सम्म लागू रहनेछ ।

तल सहिछाप गर्नेहरूले आ-आफ्नो सरकारबाट विधिवत् अधिकार प्राप्त गरी सम्झौतामा हस्ताक्षर गरेकाछन् ।

सन् उन्नाइस सय बहत्तरको मई दश तारीखका दिन काठमाडौंमा अंग्रेजी भाषाको चार प्रतिहरूमा हस्ताक्षर गरियो ।

श्री ५ को सरकार नेपालको तर्फबाट

(बी.बी. प्रधान)
सचिव
अर्थ मन्त्रालय

भारत सरकारको तर्फबाट

(राजेश्वर प्रसाद)
निर्देशक
भारतीय सहयोग नियोग
काठमाडौं, (नेपाल)

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

632

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।